# विकास

खबरपत्रिका साप्ताहिक

www.bikaskhabar.com

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१७, अंक-२१ ● २०८१ मंसिर २४ गते सोमबार, ● 09 December, 2024, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ जेसिजको अध्यक्ष पदमा ३ जनाको उमेद्वारी

विकास संवाददाता
थाहानगर



मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसिज वर्ष २०२५ को अध्यक्ष पदका लागि तीनजनाले उमेद्वारी दर्ता गराएका छन् । निर्वाचन आयुक्त संगम कार्कीका अनुसार-'माधव कार्की, संजय गोपाली र विक्रम गोपालीले उमेद्वारी दर्ता गराएका हुन् ।' उमेद्वारी दर्ता गर्न तोकिएको २३ मंसिर मध्यान्ह १२ बजेभित्र उनीहरूले नाम दर्ता गराएका हुन् ।

त्यसैगरी कार्यकारिणी उपाध्यक्षमा चार जनाले उमेद्वारी दर्ता गराएका छन् । निर्वाचन आयुक्त कार्कीका अनुसार अजित कार्की, स्मिता विष्ट, विराज थापा र अजय कार्कीले उमेद्वारी दर्ता गराएका हुन् । जेसिज विधान अनुसार कार्यकारिणी उपाध्यक्ष २ जना आवश्यक छ । त्यसैगरी ४ उपाध्यक्ष पदका लागि एक जनाको मात्र उमेद्वारी दर्ता भएको छ । सो पदमा विश्वनाथ रायमाझीको मात्र उमेद्वारी परेको हो । आवश्यक पदमा तोकिएको संख्यामा समेत उमेद्वारी नपरेपछि ठोस निर्णय गर्नका लागि २४ मंसिरमा बोर्ड बैठक बस्ने वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले जानकारी दिए ।

अध्यक्ष पदमा उमेद्वारी दर्ता गराएका माधव कार्की सन् २०१५ बाट पालुङ जेसिजमा आवद्ध भएका हुन् । उनी जेसिजमा आवद्ध भएसंगै २०२० मा भरतरत्न छात्रवृत्ति कार्यक्रम संयोजक, २०२१ मा उपाध्यक्ष, २०२२ मा शाखा सम्पादक, २०२३ मा कोषाध्यक्ष भइसकेकाका छन् । कार्कीले यस अघि २०२४ को अध्यक्षका लागि पनि उमेद्वारी दर्ता गराएका थिए । उनी हालका अध्यक्ष निरज रायमाझीसंग ४२ मतले पराजित भएका थिए । सो निर्वाचनमा रायमाझीले ६५ मत प्राप्त गर्दा कार्कीले २३ मत पाएका थिए ।

पालुङ जेसिजको अध्यक्षकै अर्का उमेद्वार संजय गोपाली सन् २०१७ मा पालुङ जेसिजको सदस्य भएका हुन् । उनी २०१८ मा महाधिवेशन प्रतिनीधि, २०१९ मा सदस्य, २०२० मा ओमकर हाजिरी जवाफ प्रतियोगिता, जन्मदिन कार्यक्रम संयोजक तथा जेसीज इन स्कूल संयोजक, २०२१ मा उपाध्यक्ष, २०२२ मा कार्यकारिणी उपाध्यक्ष, २०२३ मा महासचिव र २०२४ मा कोषाध्यक्ष भैसकेका छन् । गोपाली २०२४ मै प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी भई उत्कृष्ट टिमका रूपमा सम्मानित समेत भएका छन् ।

सन् २०२५ कै अध्यक्ष पदका उमेद्वार विक्रम गोपाली हाल २०२४ का महासचिव हुन् । उनी सन् २०१६ मा पालुङ जेसिजमा आवद्ध भएका हुन् । आवद्धतायता गोपाली सन् २०१७ मा खानेपानी संयोजक, २०१८ मा सदस्य, २०१९ मा सहकोषाध्यक्ष, २०२० मा उपाध्यक्ष, २०२१ कार्यकारिणी उपाध्यक्ष, २०२२ मा कोषाध्यक्ष, २०२३ मा जनसम्पर्क अधिकारी भैसकेका छन्

सन् २००० मा स्थापना भएको पालुङ जेसिजमा कुल १ सय १२ जनाले मतदान गर्ने मतदाताको अन्तिम नामावलीमा उल्लेख गरिएको छ ।

## राक्सिराङ गाउँपालिकामा जंक फुड निषेध अभियान

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले नगर प्रहरी परिचालन गरी जंक फुड निषेध अभियानलाई अघि बढाउने बताएका छन् । उनले यसअघि नै गाउँपालिकाको कार्यपालिका बैठकले कोल्ड ड्रिंक्सको प्रयोग तथा खादाको प्रयोग निषेधबारे निर्णय गरिसकेको स्मरण गराउँदै यसको कार्यान्वयन प्रभावकारी बनाउने उल्लेख गरे । राक्सिराङ ५ चैनपुरस्थित गाउँपालिकाको सभा हलमा टुकी फाउन्डेसनले आयोजना गरेको सुक्ष्म अनुसन्धानको समिक्षा कार्यक्रममा अध्यक्ष मल्लले यस्तो बताएका हुन् ।

गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले अब कोक र डिउ नियन्त्रणका लागि हरेक चर्चका पास्टरहरू, गुम्बाका लामाहरू र मन्दिरका पुजारीहरूलाई नै अभिमुखीकरण गर्नुपर्ने सुनाए । रक्सी खाने लत छुटाउने बहानामा कोल्ड ड्रिंक्स खुवाउने क्रम व्यापक बढेको उनको भनाई थियो । त्यसोतः राक्सिराङ गाउँपालिकामा डिउ, कोकजस्ता चिसो पेय पदार्थका अधिक प्रयोगले स्वास्थ्यमा प्रतिकूल असर पारेको स्थानीय बासिन्दाहरूले प्रतिक्रिया दिएका छन् । सुक्ष्म अनुसन्धानको समिक्षा कार्यक्रममा डिउ र कोकको प्रयोग निकै घातक भएको बताएका हुन् । 'खाँदा एकदम मिठो हुने तर प्रेसर र सुगर बढेर खप्नै नसक्ने गरी बढाउँदो रहेछ', राक्सिराङ ५ निवासी कान्छीमायाँ प्रजा (चेपाङ) ले भने ।

कार्यक्रममा सहभागी सुना प्रजा (चेपाङ) ले पनि गाउँभरि डिउ, कोकको अधिक प्रयोगका कारण टाइफाइड, जन्डिस, रूघाखोकीका बिरामीलाई थप संक्रमणमा बढाएर जटिल बनाइरहेको बताइन् । 'सामान्य संक्रमणमाथि जंक फुड र कोल्ड ड्रिंक्सहरू पिउँदा समयमै उपचार, जाँच र रोकथाम नहुँदा किड्नी फेल समेत भइरहेको घटनाहरू गाउँघर मा देखेका छौँ', सुनाले भनिन् ।

हरेक पसलहरूमा निस्फिक्री रूपमा डिउ, कोक, फ्यान्टा, स्प्राइटसहित

बाँकी पेज ६ मा


## हिउँदे फलफुल विरुवा माग सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०८१।०८।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका हिँउदे फलफूलको बिरुवाहरु ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

तपसिलः

| सि.नं. | कार्यक्रमको विवरण | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | ओखर विजु | रु.४० प्रति बोट | रु.२० प्रतिबोट | दर रेटमा घटी बढी भए लिने दिने |
| २. | किवी कलमी | रु.१०० प्रतिबोट | रु.५० प्रतिबोट | |
| ३. | जापनिज हलुवाबेद | रु.६० प्रतिबोट | रु.३० प्रतिबोट | |

अन्य जानकारीको लागि सम्पर्कः ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर मकवानपुर


## लोकतन्त्रको बलियो पक्ष धार्मिक स्वतन्त्रता-मुख्यमन्त्री लामा

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामा तामाङले लोकतन्त्रको बलियो पक्ष धार्मिक स्वतन्त्रता रहेको बताएका छन् । उनले संविधान निर्माणपछि देशमा धार्मिक स्वतन्त्रता रहेको बताए ।

राष्ट्रिय खीष्टियन महासङ्घ नेपाल मकवानपुरद्वारा हेटौंडामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले लोकतन्त्रपछि देशमा धार्मिक स्वतन्त्रता आएको बताए । पञ्चायतकालमा धर्म प्रचार गर्दा धार्मिक स्वतन्त्रतामा बन्देज लागेर धेरैले कारबाही भोग्नुपरेको भन्दै लोकतन्त्रको सबल पक्ष भनेकै सबैमा स्वतन्त्रता हुनु रहेको बताए ।

लोकतन्त्रपछि मठ, मन्दिर, गुम्बा, चर्च निर्माणमा तीव्रता आएको बताउँदै उनले धार्मिक स्वतन्त्रतामा अरूलाई होच्याएर विभेद गर्न नहुने बताए । आ-आफ्ना फरक आस्था र विश्वास बोकेका भएता पनि हामी सबै नेपाली भएकाले फरक आस्थाको कारणबाट आफ्नो देशप्रतिको माया र नागरिक दायित्वबोधमा कुनै तलमाथि गर्न नहुने उनले बताए ।

खीष्टियन समुदायले शिक्षा, स्वास्थ्य र सामाजिक सेवाको माध्यमबाट मुलुकको विकास र समाजको अग्र गतिका लागि महत्वपूर्ण योगदान पुँर्याउँदै आएको भन्दै



मुख्यमन्त्री लामाले हामीले आ-आफ्ना आस्था, विश्वास र पहिचानलाई कायम राख्दै आम जनताको जीवनस्तरलाई माथि

बाँकी पेज ६ मा


## उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## पालिका उपचुनाव: कम्युनिस्ट बाहुल्यको सन्देश

वि.सं. २०७९ मा भएको स्थानीय तह (पालिका) निर्वाचनबाट निर्वाचित भई विभिन्न कारणले रिक्त भएका स्थानीय तह तथा वडाहरुमा उपनिर्वाचन सकिएको छ । राजनीतिक दलहरुले मिनी मध्यावधि निर्वाचन रूपमा हेरिएको यो उपनिर्वाचनमा अचाक्ली उथलपुथल भएन। समग्रमा ठूला तीन दलले नै वर्चस्व कायम राखेका छन्। नेपाली काग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको प्रभाव अझै देशव्यापी नै देखिएको छ। नयाँ र पुरातनवादी पार्टीको प्रभाव खासै देखिएन। अन्तिम परिणाम आउँदासम्मको अवस्था हेर्दा २०७९ सालमा उसले जितेको अनुपातमा काग्रेस केही खस्किएको देखिएको छ भने एमालेले अपेक्षाअनुसारको परिणाम नआए पनि केही सुधार गरेको छ । नेकपा माओवादी केन्द्र भने यो उत्साहित देखिएको छ। यो निर्वाचनमा एमाले र माओवादीले बोनस पाएका छन् भने काग्रेसको केही सिट घटेको छ। ४४ स्थानको लागि उपनिर्वाचन भएको थियो। जसमा काग्रेसले दुई जिल्ला समन्वय समितिको प्रमुख, १ नगरप्रमुख र १६ वडाध्यक्षसहित १९ सिट जितेको छ। २०७९ मा काग्रेसले दुई जिल्ला समन्वय समितिका प्रमुख, १ नगरप्रमुख, २ अध्यक्ष र २ उपाध्यक्षसहित २७ स्थानमा जितेको थियो। उसले २ अध्यक्ष र एमालेले योपटक १ अध्यक्ष, २ उपाध्यक्ष र ५ वडाध्यक्ष जितेको छ। एमाले जितेका ७ वडाध्यक्ष जितेको स्थानमा निर्वाचन भएको थियो। एमाले २ वडाध्यक्ष गुमाएर पनि १ अध्यक्ष, २ उपाध्यक्ष बोनस पाएको छ। यो निर्वाचन सबैभन्दा फलदायी माओवादी केन्द्रलाई भएको छ। माओवादीले जितेका ८ स्थानमा निर्वाचन भएको योपटक ११ स्थान जित हासिल गरेको छ। उसलाई तीन सिट बोनस आएको छ। माओवादी केन्द्रले १ अध्यक्ष, १ उपप्रमुख, २ उपाध्यक्ष र ७ वडाध्यक्ष जितेको छ। उसले जितेका २ उपाध्यक्ष र ६ वडाध्यक्षमा निर्वाचन भएको थियो। उसलाई १ अध्यक्ष, १ उपप्रमुख र १ वडाध्यक्ष फाइदा भएको छ। निर्वाचनको परिणामले माओवादी बढी नै हौसिएको छ।

त्यसोत: लामो समयपछि दलहरूमा एक्लाएक्लै निर्वाचनमा लड्ने अभ्यासको सुरुवात भएको छ । २०७४ सालको निर्वाचनदेखि गठबन्धनको सिलसिला सुरुवात भएको थियो। २०७४ का संघ, प्रदेश र स्थानीय तहको गठबन्धन गरेर निर्वाचन जाने प्रवृत्तिको थालनी भएको थियो। जसले विकृति जन्म भएको भन्दै आलोचना पनि भइरहेको थियो। गठबन्धन गरेर निर्वाचनमा जाँदा दलहरूको वास्तविक शक्ति थाहा नहुने अवस्था सिर्जना भएको थियो। एक्लाएक्लै लड्दा दलहरूको वास्तविक अवस्था उजागर भएको छ। निर्णायक शक्ति काग्रेस, एमाले, माओवादी नै यो निर्वाचनले मुलुक अझै काग्रेस, एमाले र माओवादी नै निर्णायक शक्ति छन् भन्ने सन्देश दिएको छ। २०४६ सालको परिवर्तनपछिको साढे तीन दशकदेखि यिनै दलले सत्ता चलाइरहेका छन्। यो अवधिका सबैभन्दा लामो समय काग्रेसले शासन गरेको छ।

यो निर्वाचन नेपालमा कम्युनिस्ट बाहुल्य रहेको सन्देश दिएको छ। विश्व राजनीतिमा सकिँदै आएका कम्युनिस्टको वर्चस्व नेपालमा कायम देखिएको छ। कम्युनिस्ट एक हुने हो अझै पनि सत्ता उनीहरूको हातबाट अरूले लिन सक्ने अवस्था नरहने स्पष्ट देखिन्छ। सिटको हिसाब गर्दा एमाले (८) माओवादी केन्द्र (११), एकीकृत समाजवादी (१) र नेमकिपा (१)ले गरी २१ सिट जितेका छन्। लोकप्रिय मत कम्युनिस्टहरू अरूभन्दा झन्डै दोब्बर छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# न्यायिक समिति: स्थानीय अदालत कि मेलमिलाप केन्द्र ?



◆ आशिष अस्लामी

हिजोआज स्थानीय तहहरूमा न्यायिक समितिहरूको स्थापना तथा कार्य सम्पादन सुरू गरिएको विषयहरू सुन्न, देख्न र पढ्न पाइन्छ । स्थानीय तहको स्थापनाको दोस्रो कार्यकालमा न्यायिक समितिले काम गर्न सुरू गरेको जानकारी पाउँदा खुशीको सीमा नै रहेन । ७५३ मध्ये आधा जस्ता स्थानीय तहहरूमा स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताका राम्रा अभ्यास भएका छन्, तर धेरैमा भने जनप्रतिनिधिका तौरतरिकाले गलत अभ्यास र सन्देश प्रवाह भएका छन् । न्यायिक समिति आफैंमा अदालतभन्दा पनि मेलमिलापका लागि मध्यस्थता गर्ने अंग हो । मेलमिलाप गराउन नै भनेर कानूनले गरेको स्थानीय अदालतको व्यवस्थाको समेत दुरूपयोग हुनेगरी कठघरामा निर्माण गर्ने र जनतालाई कठघरामा राखेर बकाउने काम आजकल स्थानीय तहहरूले गर्न थालेका छन् । यो काम सच्चिनु जरूरी छ । अहिले न्यायिक समिति स्थानीय अदालत कि मेलमिलाप केन्द्र भन्ने प्रश्न उब्जिएको छ । किनकि स्थानीय तहका उपप्रमुख न्यायाधीश होइनन्, उहाँ त जनताका प्रतिनिधि हुन् । न्यायिक समिति अदालत नभएर मेलमिलाप केन्द्र हो ।

गएको २०७५ सालमा नवलपरासी जिल्लाको सुनवल नगरपालिकामा श्रीमानले श्रीमती र छोरीलाई रक्सी खाएर यातना दिइएकोबारेमा न्यायिक समितिमा निवेदन दर्ता भयो । यसको भाषा थियो- 'श्रीमानले ५ वर्षदेखि नै आफूलाई मादकपदार्थ सेवन गरेर कुटपिट तथा गाली-बेइज्जती गरिरहेकोले निजलाई कार्यालयमा झिकाइ छलफल गरी न्याय दिलाइ पाउँ ।' निवेदक पत्नीले पनि श्रीमानले अस्वाभाविक रूपमा मादकपदार्थ सेवन गरी साँझ ढिलो घर आउने, घर खर्च नहेर्ने तथा आफूलाई नराम्री देख्ने गर्न थालेपछि श्रीमान परस्त्रीसँग लागेको भनी शंका गर्न थालिछिन् । यस विषयमा गाउँमै पनि स्थानीय भद्रभलादमी भेला पारी सम्झाउने काम भएको रहेछ, तर समस्या समाधान हुन सकेको रहेनछ । न्यायिक समितिले दुवै पक्षलाई झिकाइ बोलाएर छलफल गराउँदा उनका श्रीमानले पनि आफ्ना श्रीमती लामो समयसम्म छिमेकीहरूसँग अनावश्यक कुरा गरेर बस्ने, समयमा खाना नपकाउने, आफ्ना कपडा सफा नगर्ने तथा माइत गई धेरै दिन त्यतै बस्ने गरेको हुँदा आफूलाई शंका लागेर सो व्यवहार गरेको बताए ।

सो छलफलपछि दुवै पक्षका बीचमा मिलेर बस्ने, श्रीमतीले पनि छिमेकीसँग अनावश्यक कुरा गरी नबस्ने तथा घरको काममा सहयोग गर्ने, खाना बनाउने तथा श्रीमानले पनि आफ्नी श्रीमतीको गाली बेइज्जती नगर्ने सहमति भयो । दुवै पक्षका बीचमा मेलमिलाप गरी कागज गराइ घर पठाइयो । हाल उनीहरू आपसमा मिलेर बसेका छन् । सहमतिका बुँदाहरू कार्यान्वयन भयो भएन भनी अनुगमनसमेत हुने गरेको रहेछ । (न्यायिक समितिका असल अभ्यासहरू, नेपाल नगरपालिका संघ) यस कथाको सन्देश पनि न्यायिक समितिलाई मेलमिलाप गराइने थलोको रूपमा विकास गरिँदा सम्बन्धहरू सुध्रने रहेछ । तसर्थ न्यायिक समिति कुनै मूल्यमा अदालत होइन । न्यायिक समितिलाई स्थानीय अदालत मान्ने र सोहीअनुरूप काम कारबाही गर्दै जाने हो भने मत दिएका नागरिकले नै मेरो प्रतिनिधि भनेर महसुस गर्न पाउँदैनन् र यसबाट नै हो व्यवस्थाप्रति निराशा बढ्ने !

स्थानीय विवादलाई स्थानीयस्तरमा नै निरूपण गर्ने संवैधानिक व्यवस्थाअनुरूप विवादहरूको अन्वेषण, छानबिन, सम्पादन, प्रतिपादन गर्नु एवं उक्त विवादमा विवेक पुऱ्याइ निर्णय गरिनु निरूपण हो । मेलमिलाप भने विवाद समाधान गर्ने उपायहरूमध्येकै सर्वोत्तम उपाय हो । मेलमिलापकर्ताको सहयोगमा दुवै पक्ष सहभागी भई छलफल गरेर चित्तबुझ्ने गरी जीत-जीतको अवधारणामा विवाद टुंगो लगाइन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) ले न्यायिक समितिले विवाद निरूपण गर्न सक्ने विषयहरू स्पष्ट तोकी नै दिएको छ । समितिले आलीधुर, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोगको विषय, अर्काको बाली नोक्सानी गरेको विषय, चरन, घाँस, दाउराको विषय, ज्याला मजदुरी नदिएको विषय न्यायिक समितिको कार्यक्षेत्रभित्र पर्छ । त्यस्तै घरपालुवा पशुपंक्षी हराएको वा पाएको विषय, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषय, नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान, लाउन वा शिक्षादीक्षा नदिएको विषय पनि उसकै कार्यक्षेत्रभित्र पर्छन् । वार्षिक २५ लाखसम्म बिगो भएको घर बहालको विषय, अन्य सम्पत्तिको कर, जग्गा वा सम्पत्तिलाई असर पर्नेगरी रूख-विरूवा लगाएको विषय, आफ्नो घर र बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक जग्गामा पानी झारेको विषय, संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा, कानूनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडेको विषय, कसैको हक वा स्वामित्वमा नभए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, चरण चौर, कुलो, नहर, पोखरी, पानी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक वा कुनै सार्वजनिक स्थलको उपयोगसम्बन्धी विषय र संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भन्ने विषयका विवादहरू न्यायिक समितिले निरूपण गर्न पाउने स्पष्ट व्यवस्था रहेको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा नेपाली बृहत शब्दकोशमा निरूपण भनेको 'छानबिन, सम्पादन तथा विवेक पुऱ्याएर गरिने निर्णय हो' भनिएको छ । यही अर्थले पनि न्यायिक समितिले संवैधानिक रूपमा पाएको अधिकार निर्णयमुखी नभइ मेलमिलापको उद्देश्ये केन्द्रित हो भन्न सकिन्छ ।

त्यसैगरी न्यायिक समितिलाई सोही कानूनको दफा ४७ (२) ले मेलमिलाप गर्न सक्ने विवादहरू सरकारी, सार्वजनिक वा सामुदायिकबाहेकका एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाइ खाएको विषय, हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको विषय, पति-पत्नीबीचको सम्बन्ध विच्छेद, अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिटका विषय, गाली बेइज्जतीका विषय, लुटपिटका विषय, पशुपंक्षी छाडा छोडेको वा पाल्दा वा राख्दा लापरबाही गरी अरूलाई असर गरेको विषय, अरूको आवासमा अनधिकृत प्रवेश गरेको विषय, अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको विषय, ध्वनि प्रदूषण गरी फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको विषय, प्रचलित कानूनबमोजिम मेलमिलाप हुनसक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादका विषयहरू मेलमिलाप गर्न सक्ने भनेको छ ।

न्याय निरूपण गर्ने र मेलमिलाप गर्ने कुरामा सैद्धान्तिक भिन्नता छन् । न्याय निरूपण गर्ने विषय विगतसँग सम्बन्धित छ भने मेलमिलाप गर्ने विषय भविष्यसँग सम्बन्धित । निरूपण गर्दा तथ्यमा जोड दिइन्छ, दायित्व तथा गल्तीहरू स्थापित गर्न खोजिन्छ, तर मेलमिलाप गराउँदा सम्बन्धहरू जोडिँदै जानेछन् र दुवै पक्षको सहमतिमा परिणाम आउँछ । न्याय निरूपण कानूनमा आधारित हुन्छ, बनेका कार्यविधिमा जोड दिइन्छ र तेस्रो तथा तटस्थ पक्षले निर्णय लिने गर्छ भने मेलमिलापमा वास्तविकतामा जोड दिइन्छ, कार्यविधिमा पनि लचकता अपनाइन्छ र तेस्रो पक्षले निर्णय नगरी दुई पक्षका बीचमा सहजीकरणको भूमिका मात्र निर्वाह गर्छ । न्याय दिने कुरा औपचारिक एवम् खुला र सार्वजनिक प्रकृतिको हुन्छ तथा यसमा को सही छ र को गलत छ भन्ने छुट्याइन्छ । मेलमिलाप गराउने कुरा अनौपचारिक एवम् गोप्य हुन्छ र दुवै पक्षको इच्छा र चाहनाअनुरूप मेलमिलाप गराइन्छ ।

विवाद समाधानका लागि औपचारिक र अनौपचारिक विधि हुन्छन् । स्थानीय तहले पाएको अधिकार भने अनौपचारिक विवाद समाधनका विधि हुन् । यसमार्फत विवाद समाधान गरिँदा मेलमिलापकै उद्देश्य राखेर विवाद समाधान गरिन्छ । हाम्रो जस्तो विकासशील देशमा औपचारिक च्यानलबाट गरिने विवाद समाधान महँगो हुने भएको हुँदा अनौपचारिक विधि लोकप्रिय बनेको छ । यसरी विवाद समाधानका लागि काम गर्दा न्यायिक समितिले कानूनी सल्लाहकारको सल्लाहमा न्यायिक मन र प्राकृतिक न्यायको सिद्धान्तका आधार मा न्याय निरूपण गर्नुपर्छ ।

समितिमा कुनै कानूनका जानकार वा तटस्थ व्यक्ति रहने सम्भावना कम भएकाले विवादहरू निरूपणका बेला न्यायिक समितिले नातावाद, कृपावाद वा पक्षपातपूर्ण व्यवहार गर्दा समाधान नभई

*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# जाडोमा नशा तथा बाथका बिरामीले पालना गर्नुपर्ने ८ सवाल

जाडो महिनाको सुरूवात भएसँगै नशा तथा बाथका बिरामीलाई हाडजोर्नीको दुखाइ बढ्न थाल्छ । यस्ता बिरामीलाई जाडो महिनामा जोर्नी सुन्निने, दुख्ने, हातखुट्टा चलाउन गाह्रो हुने, रातो हुने र पछि हातखुट्टा बाँगो हुने समस्या पनि देखिन सक्छ ।

नशामा समस्या भएका बिरामीलाई जिउ झमझम गर्ने, पोल्ने, दुख्ने, राति सुत्दा शरीर दुख्ने, उठ्न-बस्न गाह्रो हुने गर्छ। जाडोको समयमा नशा तथा बाथका समस्या भएका बिरामीले निम्नानुसार नियम पालना गरे स्वास्थ्यमा राहत मिल्छः

### १. व्यायाम

जाडोमा हिँडडुल कम हुने भएकाले शरीरका मांसपेसीमा रगत सञ्चालन कम हुन्छ । जसले गर्दा खानाको पोषण मांसपेसी, हड्डी, टिसुमा राम्ररी जान पाउँदैन र शरीरमा बोसो जम्न थाल्छ। बिरामीको तौल बढ्दै जाँदा मेरूदण्डलाई पनि भार पर्न जान्छ र दुखाइको समस्या बढ्न थाल्छ। बाहिरी वातावरण चिसो भए पनि बिरामीले घर भित्रै बसेर भए पनि दैनिक व्यायाम गर्नुपर्छ। बिरामीले दैनिक रूपमा घर भित्र संगीत बजाएर व्यायाम र मनोरञ्जन एकै साथ गर्दा पनि हुन्छ ।

### २. फिजियोथेरापी

बाथ तथा नशाका बिरामीलाई फिजियोथेरापीबाट धेरै लाभ मिल्छ। थेरापीबाट नशा च्यापिएको, सुन्निएको, हड्डी बाँगिएको, मांसपेसी कमजोर भएको, दुखाइका समस्या, मांसपेसी कडा हुने जस्ता समस्यालाई धेरै हदसम्म निको पार्न सकिन्छ ।

इलेक्ट्रोनिक थेरापी, म्यानुएल टेक्निक, समस्या विशेष एक्सर साइजहरूको मद्दतबाट बिरामी समस्यामा धेरै नै राहत हुन्छ । बजारमा धेरै ठाउँमा फिजियोथेरापी सेन्टरहरू सञ्चालनमा आएको पाइन्छ। तर आफूले राम्ररी बुझेर जान्ने फिजियोथेरापिष्टसँग उपचार गर्दा समस्याबाट छिट्टै छुटकारा पाइन्छ।

### ३. घाममा बस्ने

शरीरको मांसपेसीलाई लचिलो बनाउन भिटामिन डीको प्रमुख भूमिका हुन्छ । एसियाली देशका मानिसहरूमा भिटामिनको मात्रा कम पाइने गरेको छ। नशा तथा बाथको समस्या भएका धरै बिरामीलाई भिटामिन डी कमी हुने गरेको पाइन्छ ।

बिहान–बेलुका गरी दैनिक दुई घण्टा घाममा बसेमा भरपुर मात्रामा भिटामिन डी पाइन्छ। यस बाहेक चिकित्सकको सल्लाह बमोजिम पनि भिटामिन डीको औषधि खान सकिन्छ ।

### ४. हिट थेरापी

बाथ तथा नशाका बिरामीलाई जाडोमा अन्य समयभन्दा बढी कठिनाइ हुन्छ। यस्तो बेलामा शरीरको दुखाइ कम गर्न हिट थेरापी अर्को राम्रो उपाय हुनसक्छ । शरीर, जोर्नी तथा मांसपेसीको दुखाइ कम गर्न मनतातो पानीमा हल्का नुन राखेर दुखेको भागमा सेकेमा आराम मिल्छ । घरमा तातो व्याग उपलब्ध छ भने पनि सेक्न सकिन्छ। यस बाहेक बजारबाट किनेर शरीरमा न्यानो बनाइराख्न बिजुलीबाट चल्ने विभिन्न प्रकारका तातो बनाउने हिट प्याडहरू प्रयोग गर्न सकिन्छ ।

### ५. तेलले मसाज गर्ने

चिसोले गर्दा नशा तथा बाथका बिरामीहरूको जोर्नी सुन्निने, दुख्ने, हातखुटा चलाउन गाह्रो भएको हुन्छ। बजारमा दुखाइ कम गर्ने विभिन्न प्रकारका तेलहरू उपलब्ध छन्। यस बाहेक घरमै तोरीको तेललाई तातो बनाएर दुखेको ठाउँमा लगाउँदा आराम हुन्छ । जाडो महिनामा छाला बढी सुख्खा हुने भएकाले तेलको मालिस गर्नुपर्छ। मालिस गर्नाले शरीरमा रगत सञ्चार हुन सजिलो हुन्छ । दुखाइ भएको ठाउँमा बिहान–बेलुका हल्का तेलले मसाज गरे आराम मिल्छ ।

### ६. औषधि

हाड जोर्नी दुख्ने समस्या बढिरहेको बेलामा कतिपय बिरामीले दुखाइ कम गराउन पसलमा गएर आफैं औषधि किनेर खाएको पनि पाइन्छ। समस्याको पहिचान नगरी यसरी मनपरी औषधि किनेर सेवन गर्दा स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ। नियमित रूपमा औषधि सेवन गरिर हनुभएका बिरामीले चिकित्सकको सल्लाह बिना औषधि थपघट गर्नु हुँदैन ।

### ७. पानी

एक स्वस्थ व्यक्तिले दैनिक ३ देखि ४ लिटरसम्म पानी पिउनुपर्छ। जाडोमा मनतातो पानीमा कागतीका केही थोपा राखेर पिउनाले शरीरको बोसो पनि घटाउन सहयोग गर्छ । बाथ तथा नशाका बिरामीले पानी पर्याप्त मात्रामा पिउन जरूरी छ ।

### ८. खानपिन

जाडो याममा अदुवा, लसुनले शरीर लाई तातो बनाउन मद्दत गर्छ। साथै यसमा औषधीय गुण पनि हुनाले दुखाइ, सुन्निएको घटाउन सहयोग पुग्छ। यसका साथै बिरामीले जाडो महिनामा पाइने मौसमी फलफूल, सुन्तला, ब्रोकाउली, कागती जस्ता खानेकुरालाई सन्तुलित रूपमा खानु लाभदायक हुन्छ ।

# ओठ-मुखमा आएको खटिरा निको पार्ने घरेलु उपाय



मुख, जिब्रो र ओठमा स-साना बिमिरा, फोकाफोकी आउने समस्याबाट धेरै जना पीडित भइरहेका हुन्छन् । सबै उमेर समूहलाई यसले सताउन सक्ने भए पनि रोगप्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिमा दीर्घकालीन समस्याका रूपमा रहन सक्छ । खटिराले खाना खान र बोल्न समेत समस्या हुन्छ ।

खासगरी शरीरमा पोषणको कमी, भिटामिन बी, सी, आइरन, प्रोटिन तथा रेसादार खानाको कमीले मुखमा घाउ हुन्छ । दाँत नमाझ्ने, खाना खाएर कुल्ला नगर्ने बानीले पनि यस्तो समस्या आउन सक्छ । सरसफाइको कमी, पेटसम्बन्धी रोग कब्जियत, ग्यास्ट्राइटिस वा अम्लपित्त, अपच, पानीको कमी भएमा पनि मुखभित्र खटिरा आउने गर्छ ।

त्यस्तै, खाद्य विषाक्तता, सुर्ती, पान मसला, धुम्रपान, मद्यपान गर्ने, ब्याक्टेरिया तथा फङ्गसको संक्रमण, बढी तातो र मसला वा बढी अम्ल भएको खानपान गर्दा मुखभित्र र वरपर घाउ आउने गर्छ ।

### मुखमा घाउ खटिरा आउने अन्य कारण

कसैको मुखभित्र चोटपटक लागेर घाउ आउँछन् । तातो केही खाने कुराले पोलेर पनि साना फोका जस्ता घाउ आउँछन् । अल्सरका कारण पनि मुखमा घाउ आउँछन् । साथै कुनै व्यक्तिमा क्यान्सर भएर पनि मुखको वरिपरि घाउहरू आउँछन् ।

### समाधानको घरेलु उपाय

यस्तो घाउ शरीरमा भिटामिन बी कम्प्लेक्सको मात्रा कम हुँदा आउने गर्छ । त्यसैले भिटामिन बी कम्प्लेक्सयुक्त खाना प्रशस्त मात्रामा खाने गर्नुपर्छ । दैनिक रूपमा थोरै समय निकालेर मुखको सरसफाइमा पनि ध्यान दिनुपर्छ । पानी प्रशस्त पिउनुपर्छ तर बढी चिसो वा तातो पिउनु हुँदैन ।

यो समस्या देखिए मनतातो नुनपानीले दिनमा दुई पटक कुल्ला गर्नुपर्छ । साथै हरियो सागपात तथा फलफूल मज्जाले चपाएर खानुपर्छ । बढी चिल्लो, पिरो खानेकुरा खानु हुँदैन । घाउ भएको बेला पानी तथा झोलिला खाने कुरा बढी मात्रामा खानुपर्छ ।

धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्नु हुँदैन । पानीमा तुलसीको पातको रस राखेर कुल्ला गर्ने र निमको पात चपाउने वा निम मिलाइएको मन्जनले दाँत माझ्नुपर्छ । यस्ता घरेलु उपायले निको नभएमा अस्पताल गएर चिकित्सकको सल्लाह लिनुपर्छ ।

## न्यायिक समिति:...

झन धेरै बल्झिने चुनौतीहरू रहेका छन् । यदाकदा आफूलाई भोट हालेको/नहालेको कुराहरू पनि न्याय निरूपण गर्ने कि नगर्ने भन्ने कुरासँग जोडिन पुग्दा न्यायिक समितिले उद्देश्यअनुरूप काम गर्न नसक्ने र जिल्ला अदालतहरूमा यस किसिमका मुद्दाका चाप पर्ने गरेको देखिन्छ । न्याय सम्पादनका बेला लोकप्रिय उक्ति 'ढिला गरी न्याय दिनु न्याय नदिनुसरह नै हो' भन्ने कुरा ख्याल गर्नैपर्छ ।

अझ मलाई साथीहरूले मेरो आफ्नै जिल्ला मकवानपुरको मनहरी गाउँपालिकामा न्यायिक कार्य सम्पदान गर्न भनेर बनाइएको न्यायिक इजलासमा कठघरा राखिएको फोटो देखाउँदै थिए । जुन मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामीले आफ्ना सामाजिक सञ्जालमा राखेकी रहिछिन् । मलाई देख्नासाथै चसक्क मुटु कुँडियो । कसले दिन्छन् होला यस्तो आइडिया भनेर अचम्ममा पनि परें । म त भन्छु, 'न्यायिक समितिलाई प्रभावकारी बनाउन योजना तर्जमा तथा स्रोतको विनियोजन गरी समितिका पदाधिकारी तथा कर्मचारीहरूका क्षमता विकास गर्नुपर्छ । स्थानीय तहहरूका लागि मेलमिलाप गराउन आवश्यक ज्ञान, सीप र सामग्रीहरूको अभाव रहेको छ । यस्ता महत्वपूर्ण टुल्सहरूको समितिमा अभाव हुनु हुँदैन ।'

स्थानीय अदालतलाई मेलमिलाप केन्द्रको रूपमा स्थापित गरौं र अहिलेको संघीय लोकतान्त्रिक व्यवस्था संसारकै उत्तम व्यवस्था हो भन्ने सन्देश प्रवाह गरौं ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहाका ३६ मेलमिलापकर्ताहरुलाई ४८ घण्टे आधारभूत तालिम

◆ विकास संवाददाता

थाहा नगरपालिकाको न्यायिक समितिले पालिकामा सूचीकृत मेलमिलापकर्ताहरूका लागि ४८ घण्टे आधारभूत तालिम सदिएको छ । चितवनको सौराहमा १४ मंसिरबाट सुरु भएको तालिम २० मंसिरमा एक कार्यक्रम बिच समापन गरिएको हो । मेलमिलाप सम्बन्धि तालिम लिएपछि गाउँटोलमा भएका विवादहरूलाई समाधान गर्न सक्षम भएको महशुस गरेको थाहा नगरपालिका वडा नम्बर ८ का गौतम बुद्ध लामाले बताए ।

सामाज भएका विवादहरूमा पहिला परम्परागत र दबाब मुलक थियो भने तालिम लिए पश्चात दुबै पक्षको मनाशायलाई बुझेर मात्र निर्णय गर्नुपर्ने भन्ने सिकाइ भएको थाहा ४ को श्रीकृष्ण केसीको भनाइ छ । तालिम समापन कार्यक्रममा थाहानगर प्रमुख बिष्णु बिष्टले टोल टोलमा गएर कानूनी सचेतना फैलाउन मेलमिलापकर्ताहरूलाई आग्रह गरे । उनले समाजमा हुने गरेको मनमुटाव, खिचातानी, वादविवादका कारण सभ्य समाज निर्माणमा समस्या श्रृजना हुने गरेको हुँदा सभ्य समाजको निर्माण, भाईचराको सम्बन्ध कायम गर्नका लागि पनि मेलमिलापको अवधारणा सकारात्मक रहेको बताए ।

थाहा नगरपालिकाका उपप्रमुख तथा न्यायीक समिति संयोजक भरत गोपालीले नगरपालिकामा आएका अधिकांश विवाद समाधान गरी पठाएको बताए । उनले दर्ता भएका तथा नभएका लिखित तथा मौखिक दर्जनौ विवादको समाधान गरि एको र आफ्नो क्षेत्राधिकार बाहिर रहेका विवादलाई न्यायिक लडाईका लागि अदालतसम्म पठाएको गोपालीको भनाइ थियो ।

उपप्रमुख गोपालीले अहिले पनि समाजका व्यक्तिहरूले झिना मसिना मुद्दाहरूमा पनि प्रहरी प्रशासन एवम् अदालतकै भर पर्नुपर्ने बाध्यता रहेको हुँदा गम्भिर प्रकृतिका मुद्दा बाहेक अन्य सामान्य मुद्दाहरूलाई आफनै गाँउठाँउमा मेलमिलाप केन्द्र मार्फत गर्नुपर्नेमा सुझाव दिँदै उनले मेलमिलाप रा्ग्रोसंग सञ्चालनका लागि नगरपालिकाबाट गर्नुपर्ने सहयोगका लागिपछि नहट्ने प्रतिवद्धता व्यक्त गरे ।

तालिममा थाहा नगरपालिकाको १२ वटै वडाका ३६ जनाको सहभागिता रहेको थियो । तालिममा मेलमिलापमा आवश्यक सिपहरू, सहजीकरण सीपहरू, कानुनी तथा न्यायिक पक्षहरू, मानव अधिकार, विवाद समाधानका तरिकाहरू, स्थानीय तहमा न्यायिक अधिकारको प्रयोग, मेलमिलाप सम्बन्धी ऐन र नियामावली, मेलमिलापकर्ताको भुमिका र दायित्वहरू, मेलमिलापमा प्रसंशनिय




दृष्टिकोणको परिचय, बहुसरोकार रहेको विवाद मेलमिलाप लगायतका विषयमा जानकारी गराइएको थियो । सहभागीहरूलाई बन्धुराज पौडेल र कविता अधिकारीले सहजिकरण गरेका थिए ।

तालिमको उद्घाटन कार्यक्रम रत्ननगर नगरपालिकाका उपप्रमुख यादव प्रसाद पाठकको आतिथ्यतामा भएको थियो भने रत्ननगर नगरपालिकाका मेलमिलाप केन्द्रका संयोजक भुपेन्द्र अधिकारी, मेलमिलाप सचीव संगिता खनाल, थाहा नगरपालिकाका न्यायिक समिति सदस्य बम बहादुर सिन्तान, अनिता बल, थाहा नगरपालिकाका मेलमिलाप सहजकर्ता गोपी कार्की लगायतका उपस्तिथि रहेको थियो। सो अवसरमा तालिमका सहभागीहरूलाई कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख बिष्ट र उपप्रमुख गोपालीले सहभागीहरूलाई प्रमाणपत्र विरतरण गरेका थिए ।

# हेटौंडाको विकासका लागि २५ मिटर सडक बढाउने पक्षमा नगर प्रमुख लामा




◆ विकास संवाददाता

हेटौंडाको विकासका लागि २५ मिटर सडक बढाउने पक्षमा नगर प्रमुख लामा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिना कुमारी लामाले महेन्द्र राजमार्गको मकवानपुर सडक खण्डलाई २५ मिटर बढाउने कार्यलाई मध्येनजर गर्दै समग्र हेटौंडाको विकासमा जोड दिइरहेको बताएकी छिन् ।

छिमेकी जिल्लामा अवस्थित सडक खण्डमा काम भएता पनि मकवानपुरमा रहेको मुल सडकको दयाँबायाँ २५ मिटर बढाएर फराकिलो बनाउने काम सुरु हुन नसक्नुमा प्रदेश र संघीय सरकारको बेवास्ता र राजनीतिक पहुँचको आवस्यकता खड्किएको उल्लेख गरिन् । तामाङ पत्रकार संघ बागमती प्रदेशको दोश्रो अधिवेशनको उद्घाटन गर्दै प्रमुख लामाले यस्तो बताएकी हुन् । त्यस्तै अबको दिनमा २५ मिटर भित्र पर्ने घरजग्गाको कर्जा दिने, घरबार बिहिन हुनेलाई घरको र जग्गाजमिन बिहिन हुनेलाई जग्गाक्क व्यवस्था गरेर सडक फराकिलो बनाउने कार्यमा जुट्ने लामाको भनाइ थियो । जिल्ला समन्वय समितिको सभाहलमा भएको तामाङ पत्रकार संघ बागमती प्रदेशको दोश्रो अधिवेशनको उद्घाटन सत्रमा हेटौंडा उपमहानगर पालिकाका मेयर मिना कुमारी लामाको प्रमुख आतिथ्यता रहेको छ । तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष अर्जुन पाखीन तामाङको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा रेडियो नेपालका कार्यकारी निर्देशक अमरध्वज लामाको विशिष्ट आतिथ्यता र तामाङ पत्रकार संघ संघीय समितिका उपाध्यक्ष नेत्र तामाङको विशेष आतिथ्यता रहेको छ । तामाङ पत्रकार संघ बागमती प्रदेशको दोश्रो अधिवेशनबाट ज्ञानेन्द्र थोकर तामाङ (चितवन)को अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा जगतमान तामाङ (काभ्रे), सचिवमा दिल बहादुर तामाङ (मकवानपुर), सह-सचिवमा मायालु लामा (काठमाडौ), कोषाध्यक्षमा पेमा लामा दोङ (दोलाखा), सदस्यहरूमा श्यामलाल लामा ( काठमाडौ), फुर्वा तामाङ (दोलखा), नवराज वाईबा (मकवानपुर), बबिलाल तामाङ (चितवन) र विकास वाईवा (काभ्रे)छन् ।

# चितवनमा १७ पालिकाको जिल्लास्तरीय वार्षिक योजना तर्जुमा हुँदै

◆ विकास संवाददाता

प्रदेश नीति तथा योजना आयोग बागमती प्रदेशको आयोजनामा जिल्लास्तरीय वाषिक योजना तर्जुमा गोष्ठी हुने भएको छ । मकवानपुर र चितवन जिल्लाका १७ पालिकाहरूलाई केन्द्रित गरेर आयोगले ५ पौषमा योजना तर्जुमा गोष्ठी आयोजना गरेको आयोगका अधिकृत नवौं अच्युतम प्रसाद उपाध्यायले जानकारी दिए ।

जिल्ला समन्वय समिति चितवनको सभाहल भरतपुरमा हुन लागेको गोष्ठीमा मकवानपुरको एक उपमहानगरपालिका, एक नगरपालिका, ८ वटा गाउँपालिका तथा चितवन जिल्लाको एक महानगर पालिका, ५ नगरपालिका र एक गाउँपालिकाकाबाट २/२ जनाको दरले सहभागिता जनाउँदैछन् । गोष्ठीमा नगर पालिकाहरूबाट प्रमुख र उपप्रमुख मध्ये एक र गाउँपालिकाबाट अध्यक्ष उपाध्यक्ष मध्येबाट १ तथा १७ वटै पालिकाबाट




प्रमुख प्रशासकीय अधिकृत वा योजना प्रमुख मध्ये एकजनाको सहभागिता रहने उपाध्यायले बताए ।

गोष्ठीमा आगामि आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता निर्धारण, आयोजना बैंक, विशेष र समपुरक तथा सशर्त योजना छनोटको विषयमा छलफल हुने आयोगले जनाएको छ । कार्यक्रममा दुई जिल्लाका १७ वटै पालिकाले १०/१० मिनेटको प्रस्तुतिकरण समेत गर्ने कार्यक्रम तय भएको छ ।

## कृषि सामाग्री प्रवर्द्धनमा अनुदान सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति २०८१/०८/१८

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार प्रदेश सर्शत कार्यक्रम अन्तर्गत ८०% अनुदानमा तपसिलका सामग्रीहरु वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका वडा नं. ३ का इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्मले यो सूचना प्रकाशित मितिले २१ दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा रितपूर्वक निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट (रु.हजारमा) | अनुदान प्रतिशत | अनुदान दिने सामग्री |
|---|---|---|---|---|
| १. | कृषि सामाग्री प्रवर्द्धन (उत्पादन सामाग्री प्याकेजिङ) | १०००.० | प्रदेश निर्देशिका अनुसार ८० प्रतिशत | प्लाष्टिक, केट र डिजिटल काँटा |

आवश्यक कागजातहरु:

१. निवेदन- १ प्रति (लेटरहेडमा अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि-१ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि-१ प्रति
५. कृषि फर्मको हकमा व्यवसाय दर्ता प्रमाणपत्र यस आ.व. को नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

अन्य जानकारीको लागि: मो. नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-७ सम्पर्क नं. ९८०७५५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# अभिमुखीकरण र न्यानो कपडा वितरण गर्दै थाहामा अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइयो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा १७ मंसिरमा ३३ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस अभिमुखीकरण कार्यक्रमसहित मनायएको छ । शिखरकोटको विकास घरमा भएको कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार, आत्मबल तथा लक्ष्य निर्माण सम्बन्धि अभिमुखिकरण गरिएको हो ।

महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखा थाहा नगरपालिकाको आर्थिक सहयोगमा नगर अपाङ्ग सरोकार समन्वय समितिको आयोजनामा अभिमुखीहरण कार्यक्रम सञ्चालन गरिएको हो । थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण गिरीको प्रमुख आतिथ्यतामा भएको अभिमुखीकरण कार्यक्रमका सहभागीहरूलाई जिल्ला अपाङ सरोकार समिति मकवानपुरका अध्यक्ष गणेश चन्द्र दवाडीले सहजीकरण गरेका थिए ।

प्रत्येक वर्षको डिसेम्बर ३ मा मनाइने अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको यसवर्षको नारा–'समावेशी र दिगो भविष्यका लागि अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्वलाई प्रवर्द्धन गरौं ।' भन्ने रहेको थियो । यस वर्ष मनाइएको दिवस ३३औं हो । थाहानगर अपाङ्ग सरोकार समितिका अध्यक्ष मनलाल गोपालीको सभाध्यक्षतााम भएको कार्यक्रमको अवसरमा न्यानो कपडा समेत वितरण गरिएको थियो ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथी तथा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले संविधान तथा कानूनले स्थानीय तहलाई दिएको अधिकारलाई कार्यान्वयन गर्दै जाने बताए । नेपालको संविधानको अनुसूची ८ को १६ मा स्थानीय तहको अधिकार अन्तर्गत अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनका सम्बन्धमा समेत उल्लेख गरिएको उल्लेख गरे । प्रमुख प्रशासकीय अधिकृत गिरीले नगर भित्र रहेका अपाङ्गता भएकाहरूको पहिचान गरी स्वास्थ्य केन्द्रको सिफारिस अनुसार परिचय पत्रको व्यवस्था गरी उनीहरूलाई नियमानुसार भत्ता तथा सिपमुलक तालिमहरू दिइरहेको बताए । उनले अपाङ्गता भएका व्यक्तिलाई हेर्ने समाज एवं राज्यको दृष्टिकोण परिवर्तन हुनु आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रममा थाहा नगरपालिकाका सामाजिक बिकास शाखा प्रमुख अनिल लामिछाने, महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखाका प्रमुख प्रतिमा मोक्तान लगायतका उपस्थिति रहेको थियो ।

# थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गिरी सरुवा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी सरूवा भएका छन् । थाहामा २० महिना अघि प्रमुख प्रशासकीय अधिकृत गिरी भक्तपुर नगरपालिकाबाट सरूवा भई आएका थिए ।

सरूवा भएका गिरीलाई थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा महाशाखा र शाखा प्रमुखहरूले एक कार्यक्रमको आयोजना गरी विदाई गरेका हुन् । ४ मंसिरको निर्णयानुसार ५ मंसिरमा काभ्रेपलान्चोक जिल्लाको नमवुद्ध नगरपालिकामा सरूवा भएका गिरीले २१ मंसिरमा रमाना लिएका हुन् ।

यसैबीच थाहा नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रूपमा सुरेन्द्र प्रधान प्रधान सरूवा भई आएका छन् । प्रधान थाहा नगरपालिकाको लागि दशौं प्रमुख प्रशासकीय अधिकृत हुन् ।

वि.सं. २०७१ सालमा नगरपालिका घोषणा भएयता पहिलो प्रमुख कार्यकारी अधिकृतको रूपमा पुरूषोत्तम सापकोटा हाजिर भएका थिए । उनले ३ महिना मात्र कार्यकाल समालेका थिए । दोस्रो रामेश्वर अर्यालले २ महिना कार्यभार सम्हालेर सरूवा भएका थिए । अर्याल नै थाहाका लागि हालसम्मका सबैभन्दा कम समय बस्ने कार्यकारी अधिकृत भए भने हरिलाल पुरी तेस्रो कार्यकारीको रूपमा आएका थिए । उनले १५ महिना काम गरे । चौथोमा भिम बहादुर परियारले करिब १० महिना कार्यकारी अधिकृत भई काम गरेका थिए ।

थाहामा पाँचौं प्रमुख प्रशासकीय अधिकृतको रूपमा जिवन आचार्यले प्रशासनिक नेतृत्व सम्हालेका थिए । उनले पहिलो स्थानीय तहको निर्वाचनका




अधिकृतका साथै सात महिना थाहामा काम गरे । थाहामा दोस्रो पटक प्रमुख प्रशासकीय अधिकृतको रूपमा इन्ट्रि पाएका हरिलाल पुरीले वि.सं. २०७४ असोजदेखि २०७९ साउनसम्म हालसम्मको प्रमुख प्रशासकीय अधिकृत मध्ये सबैभन्दा लामो कार्यकाल व्यतित् गरेका थिए । उनले २०७४ सालमा निर्वाचित जनप्रतिनधिको पूरै कार्यकालमा कार्यालयको प्रशासनिक नेतृत्व सम्हाले । सातौं अधिकृतको हामेनाथ काफ्लेले ६ महिना कार्यभार सम्हालेकोमा प्रमुख प्रशासकीय अधिकृत रिक्त भएपछि संघीय मामिला तथा सामान्य प्रशासजन मन्त्रालयले थाहा नगरपालिकाका अधिकृत आठौं अजित घिमिरेलाई प्रमुख प्रशाकीय अधिकृत तोकेको थियो । उनले करिब ५ महिना प्रशासनिक नेतृत्व लिएपछि कृष्ण गिरी २०८० वैशाख ४ गते थाहामा हाजिर भएका थिए ।

# थाहानगरमा कृषिका लागि अनुदान खुल्यो

◆ विकास संवाददाता

थाहा नगरपालिकाले कृषि सामाग्री प्रवर्द्धनमा अनुदान दिने भएको छ । पालिकाले उत्पादन कृषि सामाग्री प्याकेजिङमा अनुदान दिनका लागि सूचना आव्हान गरेको कृषि विकास अधिकृत संजय तिवारीले जानकारी दिए ।

आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश सर्शत कार्यक्रम अन्तर्गत ८० प्रतिशत अनुदान दिन लागिएको हो । बागमती प्रदेश सरकारले वडा नम्बर ३ का लागि तोकेर सशर्त अनुदान पठाएको हुँदा कार्यक्रम सोही वडामा मात्र सञ्चालन हुने तिवारीले जानकारी दिए । ८० प्रतिशत अनुदान दिनका लागि १० लाख रूपियाँ बजेट विनियोजन भएको छ ।

अनुदान अन्तर्गत प्लाष्टिक, केट र डिजिटल काँटामा दिइने सूचनामा उल्लेख छ ।  २१ दिन म्याद रहेको सूचना १८ मंसिरमा प्रकाशन भएको हो । यो सूचना अनुसार थाहा–३ का किसानहरूले मात्र दरखास्त दिन पाउनेछन् । थाहा नगरपालिकाको कृषि विकास शाखामा दरखास्त दिनका लागि अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर समूह, सहकारी तथा पान नम्बर खुलेको निवेदन, नविकरण हुने अवस्थाको भए सो समेत खुल्ने दर्ता प्रमाणपत्र, निर्णयको प्रतिलीपी, करचुक्ता प्रमाणलगायतको कागजात पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

यसैबीच थाहा नगरपालिकाको वडा नम्बर ३ र ११ का किसानहरूका लागि चिया खेती व्यवस्थापनका लागि कार्यक्रम आव्हान भएको छ । कृषि विकास शाखाले प्रकाशन गरेको सूचना अनुसार चिया खेति व्यवस्थापन कार्यक्रमका लागि कृषक समूह, कृषि सहकारी, कृषि फर्मले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र निवेदन पेश गर्नुपर्नेछ ।

यस कार्यक्रमका लागि १९ मंसिरमा नगरपालिकाले सूचना आव्हान गरेको हो ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

*राक्सिराङ गाउँपालिकामा... .. .*

प्याकेजिङ गरिएका खाद्यबस्तुहरू पाइने उल्लेख गर्दै अहिले विवाह, गासा, मलामी तथा किरियाहरूमा समेत चियो पेय पदार्थहरूको प्रयोग देखिएको टुकी फाउण्डेसनले जनाएको छ । फाउण्डेसनले केही महिलाहरूलाई केन्द्रित गरेर गरेको सर्वेक्षणका क्रममा गाउँघरमा डिउ, कोक




खान नपाए मेलापर्ममा समेत खेतालाहरू नआउने अवस्था आएको बताइएको थियो ।

कार्यक्रममा ५ वडाका वडाध्यक्ष हरिबहादुर प्रजाले पनि धारणा राखेका थिए । कार्यक्रममा टुकी फाउण्डेसनका तर्फबाट सर्वेक्षणकर्ता प्रमिता ढुंगानाले सर्वेक्षणको प्रक्रिया र घटनाक्रमहरूबारे प्रस्तुति दिनु भएको थियो भने कार्यकारी निर्देशक शिला सिंह ठकुरीले सञ्चालन गरेकी थिइन् । कल्पना प्रजाले स्वागत गर्नु भएको कार्यक्रमको अध्यक्षता टुकी फाउण्डेसनका सचिव बिना खालिङ राईले गरिन् । परम्परागत मौलिक खानेकुर हरूको प्रवर्द्धन गर्न सके बजारबाट आयातित जंकफुड र कोल्ड ड्रिंक्सहरू निमिट्यान्न पार्न सकिने कार्यक्रममा सहभागीहरूले धारणा राखेका थिए ।

# बागमती प्रदेशका मन्त्रालयको प्रस्तावमा अंकुश लगाउने तयारी

◆ विकास संवाददाता

बागमती प्रदेशमा बागमती प्रदेश सरकार मन्त्रीपरिषद् बैठकबाट निर्णय गराइने मन्त्रालयको प्रस्तावमा अंकुश लगाउने गरी तयारी गरिएको छ । प्रदेशका मन्त्रालय हुँदै मन्त्रीपरिषद्मा आएर निर्णय भएका प्रस्ताव विवादित बन्न थालेसँगै मन्त्रालयको प्रस्तावमा अंकुश लगाउने तयारी गरिएको हो ।

प्रदेशको मन्त्रीपरिषद् बैठकबाट निर्णय गराउनुपर्ने महत्वपूर्ण विषयमा विषयगत मन्त्रालयबाट प्रस्ताव तयार गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्ने भएको हो । बागमती प्रदेश सरकारका सचिवहरूको बैठकले यस्तो निर्णय गरेको हो । सचिवहरूको बैठकले प्रदेश सरकार मन्त्रीपरिषद्बाट निर्णय गराउनुपर्ने महत्वपूर्ण विषयमा सम्भावित त्रुटि हुन नदिन भन्दै विषयगत मन्त्रालयबाट प्रस्ताव तयार गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्ने भएको छ ।

यसअघि आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा विशेष कार्यदल बनाउन मन्त्रीपरिषद् बैठकले गरेको निर्णय विवादमा परेको थियो । प्रदेश स्थापनाका सात वर्ष हुँदा समेत प्रदेश सरकारको राजस्वमा वृद्धि नभएको आम्दानीको स्रोत नबढेको भन्दै प्रदेशको आर्थिक सुधार र प्रदेश सरकारले लगानी गरेका आयोजनाबाट के कति प्रतिफल प्राप्त भयो भन्ने बारेमा अध्ययन गर्न कार्यदल बनाउने गत कात्तिक २७ गतेको मन्त्रीपरिषद् बैठकले निर्णय गरेको थियो । उक्त निर्णयपछि प्रदेश सरकारका मन्त्रीहरूले नै असन्तुष्टि जनाएको सार्वजनिक भएको हो । चार महिनाको अवधि तोकिएको उक्त कार्यदल बनाउँदा प्रदेशलाई आर्थिक भार पर्ने भएकाले मन्त्रालयभित्रैबाट उक्त काम गराउनुपर्ने भन्दै बागमती प्रदेशको सार्वजनिक लेखा समितिमा समेत प्रश्न उठाइएको थियो ।

*लोकतन्त्रको बलियो ... .. .*

उठाउन सामाजिक न्यायसहितको आर्थिक समृद्धितर्फ अग्रसर हुनु पर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीना कुमारी लामाले धर्ममा सबैको स्वतन्त्रता रहेको बताईन् । धार्मिक स्वतन्त्रताको नाममा अराजक व्यक्तिहरूले विभेदका घटनाहरू पैदा गरेको हुदा त्यस्तालाई कानुनी दायरमा ल्याउनुपर्नेमा जोड दिएकी थिइन् । उनले लोकतन्त्रपछि हाम्रो मुलुक सांस्कृतिक एवम् भौगोलिक विविधताले भरिपूर्ण रहेको बताईन् ।

राष्ट्रिय खिष्टियन महासङ्घ मकवानपुरका अध्यक्ष नवराज घलानको अध्यक्षतामा भएको कार्यक्रममा घलानले फरक आस्था र विश्वास बोकेका आफ्ना नागरिकप्रति राज्यका तर्फबाट सम भाव र सम व्यवहार गरिदिन आग्रह गरेका छन् । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, जिल्लाका विभिन्न राजनीतिक दलका प्रमुखहरू लगायतको सहभागिता रहेको थियो ।


## चिया खेती सम्बन्धी कृषि विकास शाखाको सूचना !

सूचना प्रकाशित मिति २०८१/०८/१९

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिया खेती व्यवस्थापन कार्यक्रम तपसिलको वडामा संचालन गर्नुपर्ने भएकोले सम्बन्धित वडाका कृषक समूह, कृषि सहकारी, कृषि फर्मले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा रीतपूर्वक निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | चिया खेती व्यवस्थापन | ५७६.० | थाहा नगरपालिका वडा नं. ३ र ११ |

आवश्यक कागजातहरु:

१. निवेदन- १ प्रति (लेटरहेडमा अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी प्रतिलिपि-१ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि-१ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि-१ प्रति
५. कृषि फर्मको हकमा व्यवसाय दर्ता प्रमाणपत्र यस आ.व. को नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

*नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।*

**थाहा नगरपालिका**
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं !

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,
- आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**








● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी